# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २७ जुलाई २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज आकाशवाणीमा मन की बात कार्यक्रममा २१ औं शताब्दीको भारतमा विज्ञान नयाँ ऊर्जाका साथ अगाडि बढिरहेको बताउनु भएको छ।
- मुख्यमन्त्रि ममता ब्यानर्जीले पूर्व राष्ट्रपति तथा भारतरत्न डा. एपीजे अब्दुल कलामलाई उहाँको पुण्यतिथिमा श्रद्धाञ्जली अर्पण गर्नु भएको छ।
- गोर्खाल्यान्ड आन्दोलनमा बलिदान दिने शहिदहरुलाई श्रद्धाञ्जली अर्पन गर्न दार्जीलिङ तराई क्षेत्रमा आज श्रद्धा पुर्वक शहिद दिवस पालन गरियो।
- शहीद दिवसको अवसरमा दार्जीलिङका दुईवटा कार पार्किङको नाम शहीद देवराज शर्मा अनि कृष्ण सुब्बाको नाममा राखिएको छ।
- दार्जीलिङमा उत्पादित मन्दारिन सुन्तलाले जियोग्राफिकल इन्डीकेशन अर्थात् जी आई ट्यागको मान्यता प्राप्त गरेको छ।

**मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले २१ औं शताब्दीको भारतमा विज्ञान नयाँ ऊर्जाका साथ अगाडि बढिरहेको बताउनु भएको छ। आज आकाशवाणीमा प्रसारित आफ्नो मन की बात कार्यक्रममा उहाँले शुभांशु शुक्ला अन्तरिक्षबाट सुरक्षित फर्की आए पछि देशका मानिसहरु गौरवले भरिपूर्ण भएको बताउनु भयो। श्री मोदीले भन्नु भयो अगस्ट २०२३ मा चन्द्रयान ३ को सफल अवतरणले बालबालिकाहरू वैज्ञानिक र अन्तरिक्ष वैज्ञानिक बन्न उत्सुक बनेका छन्। प्रधानमन्त्रीले भन्नु भयो बालबालिकाहरूमा नवप्रवर्तनलाई प्रवर्द्धन गर्न सुरु गरिएको एन्सपायर मानक अभियान अन्तर्गतए प्रत्येक विद्यालयबाटगरिएको पाँच जना बालबालिका छनोट गरिनेछ र यी बालबालिकाहरूले नयाँ विचारहरु लिएर आउनेछन्।

**मुख्यमन्त्री- डा. एपीजे**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले भारतका पूर्व राष्ट्रपति तथा श्भारतरत्नश् डा. एपीजे अब्दुल कलामलाई उहाँको पुण्यतिथिमा श्रद्धाञ्जली अर्पण गर्नु भयो। सामाजिक सञ्जालमा एक पोस्ट गर्नु हुँदै उहाँले डा. कलामलाई एक महान वैज्ञानिक तथा आदर्श व्यक्तिको रूपमा वर्णन गर्नु भयो।

**सहिद दिवस-BGPM**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा दार्जीलिङ महकुमा समितिको मुख्य आयोजनामा आज गोर्खा रंगमञ्च भवन, दार्जिलिङमा ३८औं सहिद दिवस श्रद्धापूर्वक पालन गरियो। कार्यक्रममा गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन प्रमुख तथा भागोप्रमो अध्यक्ष अनित थापा प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थियो। कार्यक्रम सुरु हुनु अघि अनित थापाले महाकाल मन्दिरमा पुगेर सहिदहरूको स्मृतिमा श्रद्धा अर्पण गर्नुभयो। त्यसपछि गोर्खा रंगमञ्च भवन परिसरमा निर्माण गरिएको सहिद वेदिमा दीप प्रज्वलन तथा श्रद्धासुमन अर्पण गरेर कार्यक्रमको शुभारम्भ गरियो। कार्यक्रम अवधि सहिद परिवारका सदस्यहरुलाई सम्मान पनि जनाइएको थियो।

*BYTE*

**निरज जिम्बा - शहीद दिवस**

बिधायक निरज जिम्बाले आज शहीद दिवस पालन गर्दै पंखाबारी गिद्देपहाड समष्टि अन्तर्गत लङ्भ्यु शहीद वेदीमा फुलमाला अनि खदा चडाएर शहिद प्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो। बिधायक निरज जिम्बा द्वारा बर्ष १९८६ सालको गोर्खाल्याण्ड आन्दोलनमा आफ्नो प्राणको आहुती दिएर शहीद बनेका निमा थिङको घर निर्माण गरिदिने साथै शहीद निमा थिङकी श्रीमती देविका थिङलाई आजीवन बृद्धभत्ता आजकै दिनदेखि शुरू गरिएको छ । घर निर्माण गर्नको निम्ति पहिलो किस्ती एक लाख रुपियाँ चेक मार्फत हस्तान्तरण गरिएको छ ।

**शहीद दिवस-GNLF**

आज आर्य ब्लुमफिल्ड-रक-ऋषिहाट समष्टिको आयोजनामा डाली मोदीधुरा स्थित शहीदवेदीमा गोरामुमो अध्यक्ष मन घिसिङले शहीदहरूलाई श्रद्धाञ्जलि अर्पण गरे। यसैबिच कार्यक्रमलाई सम्बोधन गर्दै घिसिङले शहीद शब्द आफैंमा पवित्र हुने बताउनुभयो । शहीदहरूलाई कहिल्यै राजनैतिक दलको सीमामा बाँध्न नहुने जनाउँदै उहाले शहीदहरू गोर्खा जातिका साझा गौरव रहेको मन्तव्य पुख्नुभायो । उहाले जाति र माटोको निम्ति एउटै मञ्चमा एकजुट भई अघि बढ्नुपर्ने सबै राजनैतिक दलहरूलाई आह्वान पनि गर्नुभएको छ।

**शहीद दिवस -कार पार्किङ**

शहीद दिवसको अवसर पारेर दार्जीलिङका दुईवटा कार पार्किङको नाम शहीद देवराज शर्मा र कृष्ण सुब्बाको नाममा राखियो। भारतीय गोर्खा परिसंघए भारतीय गोर्खा जन आवाज, एसडब्लुसीसीए हिमालयन यातायात समन्वय संगठनए पार्वत्य कर्मचारी संगठन र फोसेपले आज संयुक्त रूपमा शहीद दिवस पालन गर्दै स्थानीय काकझोड़ास्थित डीआरसी कार पार्किङलाई शहीद देवराज शर्माको नाममा राख्यो भने दार्जीलिङ सरकारी महाविद्यालयमुनिको पीडब्लुडी कार पार्किङलाई शहीद कृष्ण सुब्बा पार्किङ स्थलको नाम दिइएको छ। यसैबीच यी संस्थाहरूले स्थानीय दुवैवटा पार्किङका साथै दार्जीलिङ नगरपालिका कार्यालय अघिल्तिर अवस्थित शहीद मेजर दुर्गा मल्लको सालिगअघि पनि दीप प्रज्ज्वलन गरी शहीद दिवस पालन गरे।

**सहिद दिवस-GJMM**

गोर्खा जनमुक्ति मोर्चा (ळश्रडड) शहर समिति तथा सदर–१ र २ समष्टिको संयुक्त आयोजनामा आज ३८औं सहिद दिवस श्रद्धाञ्जली समारोह श्रद्धापूर्वक सम्पन्न गरियो। समारोह गोर्खा दु:ख निवारक सम्मेलन भवन दार्जीलिङमा आयोजना गरिएको थियो। श्रद्धाञ्जली समारोहका प्रमुख अतिथि मङपु निवासी डा. जे.सी. सुब्बा रहेका थिए भने अध्यक्षता गोजमुमो अध्यक्ष बिमल गुरुङले गरेका थिए।

**एडवर्ड**

आज इन्डियन गोर्खा जनशक्ति फ्रन्टका प्रमुख संयोजक अजय एडवर्डको उपस्थितिमा भानुभवन परिसरमा रहेको शहीद बेदी स्थलमा पार्टीका संपूर्ण सदस्यहरूले ३८औँ शहिद दिवस पालन गरियो । यस अवधि शहीदहरूको बलिदानको विषयमा प्रकाश पार्दै उनीहरूको बलिदान गोर्खाहरुले कहिले पनि नबिर्सिने इन्डियन गोर्खा जनशक्ति फ्रन्टका संयोजक अजय एडवार्डले बताएका छन्।

**खरसाङ शहीद दिवस**

खरसाङमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको आयोजनामा गोर्खाल्याण्ड आन्दोलनमा शहीद भएका शहीदहरुलाई श्रध्दाञ्जली अर्पण गर्दै शहीद दिवस समारोह सम्पन्न भएको छ। खरसाङको इगल क्र्याकमा अवस्थित शहीद वेदीमा बिहान शहीदहरूलाई श्रध्दाञ्जली अर्पण कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा भारतीय गोर्खा

प्रजातान्त्रिक मोर्चा केन्द्रीय समितिको महासचिव अमर लामा उपस्थित रहेका थिए। खरसाङको इगल क्र्याकमा शहीदहरुलाई श्रध्दाञ्जली अर्पण कार्यक्रमपछि खरसाङको नयाँ बजारस्थित टाउन सार्वजनिक भवनमा सम्मान कार्यक्रम सम्पन्न भएको छ।

**<u>जिआई ट्याग</u>**

अब उसो दार्जीलिङमा उत्पादित मन्दारिन सुन्तलाले पनि बिश्वस्तरीय परिचय प्राप्त गर्न सक्ने भएको छ।

*स्वादिष्ट सुगन्धित अनि पौष्टिक मन्दारिन सुन्तलालाई जियोग्राफिकल आईडेन्टिकेसन अर्थात् जिआईको मान्यता दिलाउने दिशामा बर्सौं देखि पहल गर्दै आईरहेका दार्जीलिङ सुन्तला किसान एवं उत्पादक संघ लाई भारत सरकार द्वारा जारी जि.आई.को नोटिफिकेसन प्राप्त भएको जानकारी दार्जीलिङ सुन्तला किसान एवं उत्पादक संघ का अध्यक्ष मनोज सुब्बाले दिनुभएको छ। आज मिरिकमा पत्रकारहरुसित बातचित गर्दै सुब्बाले जि. आईको मान्यता पाउनु दार्जीलिङ पहाडका सुन्तला किसानहरुको लागि खुशीको क्षण भएको तथा एतिहासिक उपलब्धि भएको दाबी गर्नुभएको छ । उहाँले जिआईको प्रमाणपत्र भारत सरकारले जारी गरिसकेको र चाडैं हात पर्ने बताउनु भयो। अध्यक्ष सुब्बाले जि.आई. को निम्ति ठोस पहल गरिदिने उत्तर बङ्ग कृषि बिश्वबिद्धालयका डाक्टर तुलसी सरन घिमिरेप्रति आभार व्यक्त गर्नुभएको छ।*

**<u>रेलिङ्ग- कानुनी सचेतना</u>**

जिल्ला कानुनी सेवा प्राधिकरण DLSA को आयोजनामा साथै पुल बजार थानाको सहकार्यमा आज पुल बजार बिजनबारी खण्ड अन्तर्गत रेलिङ्ग बिहिबारे सामुदायिक भवनमा कानुनी सचेतना कार्यक्रम सम्पन्न गरियो। कार्यक्रमामा अधिवक्ता जयन्ति देवानले घरेलु हिंसा, पोक्सो एक्ट, बाल बिवाह लगायत कानुनि सहायताको निम्ति DLSA को महत्व बारे जानकारी गराउनु भयो।

**<u>भानुसिधु गोल्डकप च्याम्पियनसिपमा छनौट</u>**

लियोनल फ्रेन्चसिस राई राज्य स्तरिय भानुसिधु गोल्डकप च्याम्पियनसिपमा छनौट हुनु भएको छ। पश्चिम बंगाल राज्य स्तरिय काउन्सिल स्कूल गेम्स एण्ड स्पोर्ट्स एवं शिक्षा विभाग डब्ल्यूएसइडीका आयोजनामा सम्पन्न भानुसिधु गोल्डकप अण्डर-१७ वोइस च्याम्पियनसिप संस्करण २ मा मजुवा ग्राम अन्तर्गत अभेग बस्ती भीरगाउँ निवासी लियोनल फ्रेन्चसिस राईले दार्जीलिङ जिल्ला टोलीको तर्फबाट खेल्ने अवसर पाएका छन।

***********